# आवेदन फारम  सम्वन्धी सूचना

मितिः २०७७/०५/२८

प्राविधिक शिक्षा तथा ब्यावसायिक तालिम परिषद्बाट शैक्षिक सत्र २०७७/७८ को लागि प्रविणता प्रमाणपत्र तह नर्सिङ्ग कार्यक्रमको आवेदन फारम खुला गरिएकोमा यस क्याम्पसबाट **लक्षित तर्फ**बाट आवेदन दिन चाहने  सम्पूर्ण आवेदकहरुले आवश्यक कागजात सहित फारम बुझाउनु हुनको लागि सूचित गरिन्छ ।

**लक्षित बर्ग कोटाको लागि आवश्यक कागजातहरु**

क) नेपाली नागरिक हो भनी प्रमाणित हुने नागरीकता वा नावालीग बा जन्म दर्ताको प्रमाणपत्र वा अन्य कुनै प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

ख) दलितको हकमा राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको अनुसूची ३ अनुसारका जातीहरु र सूचीकृत भएको जाती भित्र एकभन्दा बढी थरहरु भएमा सम्वन्धित जिल्ला प्रशासन कार्यालय/पालिकाबाट प्रमाणित गरिएको दलित प्रमाणपत्रको प्रमाणित प्रतिलिपी वा दलित परिचय पत्रको प्रमाणित प्रतिलिपि ।

ग) मधेशी/ मुसलमानहरुको हकमा सम्वन्धित पालिका / जिल्ला प्रशासन कार्यालयले प्रमाणित गरीदिएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।

घ) आदिवासी जनजातीको हकमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन बमोजिम सूचीकृत भएको अनुसूची ४ अनुसारका जातीहरु र सूचीकृत भएको जाती भित्र एकभन्दा बढी थरहरु भएमा सम्वन्धित जिल्ला प्रशासन कार्यालयवाट प्रमाणित गरिएको आदिवासी जनजाती प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।

ङ) पिछडिएको दुर्गम क्षेत्रकाको हकमा अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ्ग, बाजुरा, मुगु र हुम्ला जिल्लाबाट नै एस. एल.सी.उत्तीर्ण गरेको शैक्षिक योग्यता तथा स्थायी बसोबास गरेको सम्बन्धित पालिका कार्यालयले जारी गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।

च) बेपत्ता पारिएका व्यक्ति र सहिद परिवार तथा घाइते वा निजको परिवारले विक्रम सम्वत २०६२।६३ को जनआन्दोलन, जनयुद्ध मधेश आन्दोलन लगायत मुलुक भित्र भएका सवै आन्दोलनको क्रममा वेपत्ता पारिएका व्यक्ति तथा सहिद परिवार/जन-आन्दोलन घाइते परिवार/द्वन्दपिडित/विस्थापित हो भनी सम्बन्धित जिल्ला प्रशासन कार्यालयले प्रमाणित गरिदिएको प्रमाणपत्र र नाता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।

छ) अपाङ्गको हकमा राष्ट्रिय अपाङ्ग महासंघ वा सम्वन्धित जिल्ला प्रशासन कार्यालयले प्रमाणित गरिदिएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी र नाता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।

ज) पूर्व कमैया/हलैयाहरुको हकमा सम्वन्धित जिल्ला भूमि सुधार कार्यालयले जारी गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।

झ) स्पष्ट मुखाकृती देखिने हालसालै खिचिएको पासपोर्ट साइजको २ प्रति फोटो ।

ञ) एस.इ.इ. /एस.एल.सी. शैक्षिक प्रमाण पत्रको प्रमाणित प्रतिलिपी (मार्कशिट र चारित्रीक)।

ट) एकल महिलाको हकमा स्थानिय पालिका कार्यालयले जारी गरेको प्रमाण पत्रको प्रमाणित प्रतिलिपी ।

ठ) विपन्न वर्गको हकमा आवेदन फारम भर्ने मिति भित्रको सम्बन्धित पालिका कार्यालयले प्रमाणित गरिदिएको प्रमाणपत्रको प्रतिलिपि ।

*नोट:*

*१) आवेदन फारमका साथ सम्पूर्ण अवश्यक कागजातहरु संलग्न गर्नुपर्नेछ अन्यथा फारम बुझिने छैन ।*

*२) परीक्षार्थीहरुले प्रवेश परीक्षा फारम बुझाउँदा पेश गरेका सम्पूर्ण प्रमाणपत्रहरुमा "सक्कल बमोजिम नक्कल ठिक छ" लेखि हस्ताक्षर गर्नु पर्नेछ ।*

*३) सक्कल बैंक भौचरको प्रतिलिपि*

*४) फारम* ***www.omcampus.edu.np*** *बाट* ***download*** *गर्न सकिने छ ।*

*५) अनलाइन फारम भर्न चाहने आवेदकले फारम भरि आवस्यक कागजात तथा बैंक भौचर को स्क्यान कपि* ***admissionohc@gmail.com*** *मा पठाउनु पर्ने छ ।*

*६) बैंक खाता नं. सनराइज बैंक ०१४१००५३६४७०४६*
*गरिमा विकास बैंक लि. ०४६००१००६४३०५२००००४*
*राष्ट्रिय बाणिज्य बैंक १७३०००२६०३०१*
*नेपाल बैंक लि. ०६४००१००१२१२५४००००००१*
*एन.एम.बि. बैंक लि. ००४००३००१०६०९८००००००१*

प्रिन्सिपल